अन्तिम लेखापरीक्षण प्रतिवेदन

रूपा गाउँपालिका, कास्की

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Scanned with CamScanner

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(बागमती र गण्डकी महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या:२०७६/७७
च.नं : ६ ८७८

मिति: २०७७/३/२५

श्री रूपा गाउँपालिका,
कास्की ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

Scanned with CamScanner

महालेखापरीक्षकको भनाइ

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

[illegible]

२०७७ असार २४ गते ।

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: २०७६।०७७
च.नं ८५१

मिति: २०७७।३।२५

श्री प्रमुखज्यू,
रुपा गाउँपालिका,
कास्की ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड ५५ लाख ८९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४७ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९० लाख १० हजार, नियमित गर्नुपर्ने रु.५६ लाख ७३ हजार र पेश्की बाँकी र ६१ लाख ९७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन वमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँ पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या: २०७६।०७७
च.नं

मिति: २०७७।३।२५

श्री प्रमुखज्यू,
रुपा गाउँपालिका,
कास्की ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यस सङ्ग सम्वन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्वन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड ५५ लाख ८९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४७ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९० लाख १० हजार, नियमित गर्नुपर्ने रु.५६ लाख ७३ हजार र पेश्की बाँकी र ६१ लाख ९७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायिन्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन वमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँ पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सवै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

रुपा गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५/७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीयशासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालनगर्ने उद्देश्यले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । गण्डकी प्रदेशमा पर्ने यो रुपा पालिकामा साविकको सिद्ध, थुम्की, रुपाकोट, देउराली, हंसपुर मिलि बनेको छ । यो गाउँपालीकाको पूर्वमा मध्यनेपाल नगरपालिका लमजुङ, पश्चिम पोखरा पोखरा महानगर उत्तरमा मादी पालिका, दक्षिण व्यास तथा शुक्लागण्डकी नगरपालिका पर्दछ। यस पालिकाको क्षेत्रफल ९४.८ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदानतथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

आय व्ययको विवरण

स.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	शिर्षकगत रकम	जम्मा रकम		विवरण	शिर्षकगत रकम	जम्मा रकम
१	गतवर्षको जिम्मेवारी		२९७०५५८१.१४	१	चालु खर्च	२१०९३७३१४.७२	२१०९३७३१४.७२
	क) नगद			२	पूंजीगतखर्च	९५४५४४०४.४३	९५४५४४०४.४३
	ख) बैक	२९३९४७७०.१४		३	वित्तीयव्यवस्थाभुक्तानी		
	ग) धरौटी बैक	३१०८११.००			क) ऋण भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		५३५१२१५५.४२		ख) ब्याजभुक्तानी		
	क) आन्तरिक राजस्व	१३५१७८५६.८०			ग) अन्यभुक्तानी		
	ख) राजस्व बाँडफाँड	३८३९९२३६.६२		४	लगानी		
	ङ) अन्य (विभिन्नकार्यक्रम)	१५९५०६२.०			क) ऋण लगानी		
३	वित्तीय हस्तान्तरण		२०१३१६०००		ख) शेयर लगानी		
	क)वित्तीय समानीकरण अनुदान	६२१०००००.००			ग) अन्यलगानी		
	ख) सशर्त अनुदान	१३९२१६०००					
	ग) समपूरक अनुदान						
	घ) विशेष अनुदान			६	कोष खर्च	०	
				७	धरौटी फिर्ता	३८९६०३.००	३८९६०३.००
	ङ) अर्थ वजेट						
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२५९४१९४१.२	८	अर्थ वजेट	१०५३८६३.००	१०५३८६३.००
	क)वित्तीय समानीकरण अनुदान	११४५२५८५.२०		९	मौज्वात		६४८१९३३६.६१
					क) नगदमौज्वात	१९४०२९.०	
	ख) सशर्त अनुदान	५४८९३५६.००			ख) बैंक मौज्वात :	६३१०२७७५.६१	
	ग) समपूरक अनुदान						

Scanned with CamScanner

	घ) विशेष अनुदान	९००००००.००			ग) धरौटी मौज्दात	१५२२५३२.००	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**						
	क) ऋण प्राप्ति						
	ख) साँवाप्राप्ति						
	ग) ब्याजप्राप्ति						
	घ) अन्यप्राप्ति						
	ङ) विषेश अनुदान						
६	**विभिन्नकार्यक्रमहरु**	६०५७७६००	६०५७७६००				
७	**विभिन्नकोषतर्फको आय**						
८	**जनसहभागिता (नगद)**						
९	**विषयगत निकायबाट प्राप्त रकम**						
१०	**धरौटी आय**	१६०१३२४.००	१६०१३२४.००				
११	**लगानीको साँवाफिर्ता**						
१२	**अन्यविविधआय**						
	क) वडा बाट फिर्ता						
	कुल जम्मा		३७२६५४६०१.७६		**जम्मा**		३७२६५४६०१.७६

Scanned with CamScanner

	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम
१.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.३८३१००.० सुविधा वापत भुक्तानी भएको छ ।	

विवरण	प्रमूख रअध्यक्ष	उपप्रमुख	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २३ जना	जम्मा
मासिक सुविधा	३१०००	२६०००	१२६०००	५४०००	१३८०००	३७५०००
सञ्चार सुविधा(मासिक दरमा)	१५००	१०००	५६००			८१००
बैठक भत्ता(बैठक संख्याको आधारमा)						
खाजा खर्च						
अन्य बैठक भत्ता						
यातायातखर्च मासिक						
जम्मा						३८३१००.०

२.	**कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष गाँउपालिकाले ८ वटा ऐन, १३ वाटा कार्यविधि ५ वटा नियमावली, ४ वटा निर्देशिकार २ वटा नितिहरु तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वियनमा आएका छन् । गाँउपालिलाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।	

क्र.सं.	कानुनको नाम
१.	आर्थिक ऐन - २०७४
२.	विनीयोजन ऐन - २०७४
३.	बालबालिकाको अधिकार व्यवस्थि तगर्ने ऐन - २०७५
४.	अपाङ्गता परिचयपत्र समबन्धि कार्यविधी -२०७५
५.	कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी - २०७५
६.	न्यायिक समितिले उजुरी किनारा लँदा अपनाउन पर्ने कार्यविधि -२०७५
७.	गण्डकी प्रदेश होमस्टे कार्यविधि - २०७५
८.	स्थानिय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बनिध कार्यविधि - २०७५
९.	प्राविधिक कर्मचारिको फिल्ड सुविधा कार्यविधि - २०७५
१०.	विद्युतीय हाजिरी व्यवस्थापन सम्बन्धि कार्यविधि - २०७५
११.	स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि - २०७५
१२.	विपद व्यवस्थापन कोष परिचालन कार्यविधि - २०७५
१३.	बालविवाह विरुद्ध कार्यक्रम सन्चालन खर्च कार्यविधि - २०७५
१४.	रुपा गाँउपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि - २०७५

Scanned with CamScanner

	१५. रुपा पालिकाको सम्पत्ति कर तथा भूमि कर व्यवस्थापन कार्यविधि - २०७५	
	प्रविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि - २०७४	
३.	**न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । पालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म जम्मा ३० उजुरी दर्ता भएकेमा २४ वटा फछ्यौट भई छलफल हुन बाँकी ६ अन्या गरिएको रहेका छ । फछ्यौट हुन बाकी मुद्धाहरु फछ्यौट गर्नेतर्फ समितिको ध्यान दिनुर्ने देखिन्छ ।	
४.	**सन्चित कोष हिसाब:** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६९ मा प्रत्येक पालिकाका तथा गाँउपालीकाको एउटा सन्चित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले सन्चित कोषको हिसाब तयार गरेको नदेखिएकोले सन्चित कोषमा जम्मा भएको र सो बाट भएको खर्च एकिन गर्न नसकिएको हुँदा सन्चित कोषको हिसाब तयार गर्नुपर्ने देखिन्छ ।	
५.	**सन्चित कोषमा ट्रान्सफर :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खातालायई र पूँजीगतखर्च खातालाई आर्थिक वर्षको अन्तमा बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार भएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो ।	
६.	**लगानी र ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम रुपा पालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धीत सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । रुपा पालिकाले यो वर्ष कुनै पनि ऋण लिएको तथा लगानी गरेको देखिएन ।	
७.	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको बरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । योगदानमा आधारित कल्याण कोषको व्यवस्था भएकोले पालिकाले कर्मचारी कल्याण कोषमाको व्यवस्था गर्नु पर्ने देखिन्छ ।	
८.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले नि:शुल्क रुपमा उपलब्ध गराई सबै पालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखिएन । स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेरमा बजेट प्रविष्टि गरी खर्चको लेखाङ्कन शुरु गरेतापनि प्रभावकारी रुपमा प्रयोग गर्नेतर्फ कार्यालयको ध्यान नपुगेको देखिन्छ ।	
९.	**कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१।२।१४ स्थानीय तहको अन्तरिम सगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयकमा यस पालिकामा ३७ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ । स्वीकृत कर्मचारी दरवन्दी ३३ मध्ये पदपुति १५ जना भएको पाइयो । रिक्त पद मध्ये १८ जनाको पदपूर्ती हुन सकेको छैन । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो	
१०.	१. आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् । २. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा	

Scanned with CamScanner

उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई बर्षमा २ पटक हुने गरेको देखियो ।

३. जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।

४. मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।

५. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।

६. स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,

७. कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

८. वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।

१०. कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।

११. कार्यलयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) वमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको छैन ।

१२. यस गाँउपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।

१३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।

१४. विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।

१५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।

१६. सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।

१७. वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको

१८. कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,

१९. निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु गर्ने गरेको देखियो,

२०. वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

२१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

११. **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको

Scanned with CamScanner

	अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । रुपा गाँउपालिकाले आर्थिक वर्ष ०७५।७६ मा साग्रिला नामको राजश्व सम्बन्धि सफ्टवयर प्रयोग गरेपनी वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको, वडा कार्यालयले असुल गरेको राजश्व दाखिला समयमा नगरी मासिक वा एकमुष्ठ रुपमा गर्ने गरेको र केही वडाले दाखिला गर्न बाँकी रहेको, मेशिनरी प्रयोगका लागि प्रयोग भएका रसीद र संख्या यकिन नभएको गत वर्षको नगदी रसिद के कति बाँकी रहेको, यस वर्ष वडास्तर र पालिकाका लागि के कति सख्यामा रसिद छपाई भएको हो नखुलेको, वडालाई वितरण गरेको रसिदको विवरण मात्र रहेको, बचत भएका रसीदको विवरण नरहेकोले आम्दानी रकम यथार्थपरक हो वा होइन यकिन हुन सक्ने अवस्था छैन । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा पालिकाले राजस्व लक्ष्य निर्धारण एवं आन्तरिक नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । तसर्थ राजस्व सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।
१२.	**बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह सचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । पालीकाले सभामा २०७५/३/८ गते पेस गरि सभाले २०७५/३/१० मा बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ ।
१३.	**चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गरेको कुल पंजीगत खर्च रु. ९५२८४ हजारमा मध्ये प्रथम चौमासिकमा ५.०५ प्रतिशत, दोश्रो चौमासिकमा १२.१८ प्रतिशत र तेश्रो चौमासिकमा ८३.०७ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ५५.७२ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा वढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	रुपा पालिका	८६९३८	४८१६	११३११	७०८११	४५७२३
२	स्थानिय पूर्वाधार साझेदारी विकास	८३४६	०	०	८३४६	७३७३
	जम्मा	९५२८४	४८१६	११३११	७९१५७	५३०९६

	यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले वर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।
१४.	**राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त

Scanned with CamScanner

	समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको वैठक मिति २०७५/२/२१ र ०७५/३/६ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।	
१५.	**राजस्व दाखीला** : ँपालिकाले नगदी रसिद वडा कार्यालयहरुमा पठाउने गरेको छ । वडाकार्यालयहरुबाट काटीएका नगदी रसिद हरुको आम्दानी भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेमा मासिक रुपमा ँ पालिकाको कार्यालयमा पठाउने गरेको छ । असुल भएको राजश्व सोही दिन वा भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेमा ढिलो दाखिला गरेको पाइएकोले यस्तो कार्यलाई तत्काल रोकी ऐन नियमको प्रावधान बमोजिम राजश्व दाखिला गर्नु पर्ने देखिन्छ ।	
१६.	**सम्पति कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ मा ँपालिकाले हालसम्म यो काम सुरु गरेको नपाइएकाले सो काम सुरुगर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१७.	**आर्थिक सहायता** : सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिढीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी ँपालिका वैठकबाट निर्णय रु. ७६१०००। आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।	
१८.	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा ँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । ँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा ँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको ँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा ँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत ँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ ।	
१९.	**उपभोक्ता समिति छनौट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया आंशिक रुपमा पालना गरेको देखियो । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।	
२०.	**निर्माण कार्यको गुणस्तरसम्बन्धमा** – ँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न	

Scanned with CamScanner

निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोटर तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अत: कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

२१. **सार्वजनिक सुनुवाइ:** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।

२२. **परामर्श सेवा :** गण्डकी प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४को दफा ८ को व्यवस्था बमोजिम नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई प्रस्ताव गर्नु पर्ने व्यवस्था छ ।सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा र्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम प्रस्तव गर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष ७ वटा कार्यक्रमको सम्भाव्यता अध्यायन गरी परामर्श खर्चमा रु. १४५३.५ हजार खर्च गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	लागत अनुमान	परामर्श खर्च		
			गत वर्षसम्मको	चालु वर्षको	जम्मा
१	रुपा पालिका रिंगरोड निर्माण	५५३.५	०.००	५५३.५	५५३.५
२	पालिका भवन	५००	०.०	५००	५००.०
३	IEA बापत भुक्तानी	४००	०.०	४००	४००
	जम्मा				१४५३.५

१४५३५००

२३. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्तीसम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका ४ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का लागेको छैन भने तेस्रो चौमासिकमा ४ वटै ठेक्का संझौता भएको छ त्यस मध्ये पनि असार महिनामा मात्र २ वटा ठेक्का संझौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२४. **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्रको माध्यवाट खरिद गर्दा प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान तर्फ समेत कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

क्र.सं.	कार्यक्रमको नाम	ठेक्का नंबर	बोलपत्र बिक्री सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	स्वीकृत रकम	घटी प्रतिशत
१	SUPPLY AND DELIVERY	NCB/GOODS/RUPA/	3	3	8447356.0	8444300.0	0.04

Scanned with CamScanner

	OF HDPE PIPE	2075/76-02					
२	CONSTRUCTION OF RAMKOT-RAMADI ROAD	NCB/WORKS/RUPA/2075/76-03	1	1	71496264.86(with PS)	65108046.85(with PS)	8.93
३	SUPPLY AND DELIVERY OF HDPE PIPE	NCB/GOODS/RUPA/2075/76-01	1	1	8196788.8	8045458.0	1.84

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार लागत अनुमान भन्दा २ प्रतिशतभन्दा घटीमा ठेक्का सम्झौता गरेको छ।

उपरोक्त तालिका अनुसार कार्यालयले ४ वटै ठेक्का मध्ये २ वटाको लागत अनुमानकै हाराहारीमा ठेक्का सम्झौता भएकोछ। तेस्रो चौमासिकमा खोलेका यी ठेक्का मा बोलपत्र बिक्रीको तुलनामा न्यन दर्ता भएको, दर्ता भएका बोलपत्र पनि फिर्ता लिई कानुनी रितसम्म पुरयाउन बढीमा १ देखि ३ वटा सम्म दर्ता गराएको हुदा प्रतिष्पर्धाको स्थिति शून्य देखियो। यी माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा ँपालिकाले बैकल्पीक व्यवथा गर्नु पर्दछ।

२५. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ। ँपालिकाले लेखापरीक्षण अवधि सम्म पनि लक्ष्य प्रगती पेश गरेको छैन।

२६. **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टीन्जेन्सी समेत समावेश गरेर तयार गर्नु पर्ने व्यवस्था गरेको छ। सोही बोजिम ँपालिकाले प्रत्येक योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन। यस वर्ष कार्यालयले रु.१९४९०११. खर्च गरेको छ। ँपालिकाले योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	लागत अनुमान	कन्टेन्जेन्सी खर्च		
			गत वर्षसम्मको	चालु वर्षको आम्दानी	चालु वर्षको खर्च
१	विभिन्न पूजिगत निर्माण	०	०		१९४९०११

२७. **फोहरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १२ मा स्थानीय तहले आफो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लगि वातावरण सम्वन्धी प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापन स्थल तोक्न सकने व्यवस्था भएता पनि हाल सम्म ँपालिकाले पहल गरेको पाइएन

२८. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यस वर्ष ँपालिकामा नक्सा पास सम्वन्धी काम-कारवाही गरेको देखिय तापनि सबै वडा कार्यालयमा लागु भएको देखिएन। तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व ँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ। मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ।

२९. **सेवा प्रवाह :**कार्यालय आ.व. ०७५/०७६ मा निम्नानुसारको सेवा प्रवाह गरेकोमा कार्यालयबाट विवाह दर्ता, बसाई सराई र सम्वन्ध विच्छेद दर्ताको विवण उपलब्ध भएको निम्नानुसार छ।

Scanned with CamScanner

सि.नं.	विवरण	सेवा प्राप्तीका लागि निवेदन संख्या
१	नागरिकता सिफारिस	८५८
२	घरबाटो सिफारि	३३५
३	नाता प्रमाणित	५९५
४	जन्म, मृत्यु, दर्ता	७०१
५	विवाह दर्ता	०
६	बसाई सराई	०
७	सम्बन्ध विच्छेद दर्ता	०
८	अन्य	७०१
जम्मा		३१९०

३०.	भौ.५-०७६।३।३१ पार्क मा.वि. भौतिक निर्माण कार्यक्रमको लागि रु.१४७२०२५। को लागत अनुमानमा उपभोक्ता लागत सहभागिता रु.१७२०२५। समावेश रहेको छ । भौतिक निर्माण कार्यको मुल्यांकन रु.१४६८८६७। गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको सम्बन्धमा निम्नानुसार देखियो .	
३०.१	कार्यालयले भौतिक निर्माणको कार्यको मुल्यांकन TMT Rod मुल्य प्रति के.जी रु.९१।९० गरेको छ । उपभोक्ता समितिले शुभकामना हार्डवयर एण्ड सप्लार्यसवाट कार्यालयमा पेश गरेको मुल्य रु.८१।८१ रहेको छ । ६८७७ के.जी.को खरिदमा प्रति के.जी रु.१०।०८ का दरले बढी भुक्तानी भएको रु.६९३७५। उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.	६९३७५
३०.२	विद्यालयको भौतिक निर्माण कार्यको लागि उपभोक्ता समितिबाट शुभकामना हार्यवयर प्रा.लि. बाट TMT Rod औपत प्रति के.जी रु.८१।८१ ले ६८७७ के.जी खरिद गरेको देखिन्छ । प्राविधिक मुल्यांकन गरी कार्य सम्पन्न गर्दा निर्माण कार्यमा ४३२० के.जी प्रयोग गरेको छ । खरिद गरेको भन्दा २५५७ के.जी प्रयोग नभएको अवस्थामा उपभोक्ता समितिलाई रु.८१.८१ ले विलको भुक्तानी दिइएको रु.२०९१८८। असुल गर्नु पर्ने देखिएको रु	२०९१८८
३१.	भौ.३१८-०७६।३।३१ भु.पु जुकेपानी दलित वस्ती पेलुङगा खानेपानी योजनाको लागि रु.११००००४। लागत अनुमान तयार गर्दा उ.स लागत सहभागिता रु.१२८३८६। रहेको छ । योजनाको मुल्यांकन रु.१०१४१५८। गरी उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।	
३१.१	योजनाको लागि लागत अनुमान तयार गर्दा 63mm HDPE pipe (6kgm2) को प्रतिमिटर मुल्य रु.२४९६७३। रहेको छ । उपभोक्ताले अधिकारी प्लम्विङ हाउसको रु.२३९।५६ को रहेको छ । त्यसै गरी 40/10 kg HDPE pipe को प्रति मिटर रु.१५१।०१ लागत अनुमान भएकोमा अधिकारी प्लम्विङको विल अनुसार रु.१४५।७७ रहेको छ । 63 mm HDPE pipe को रु.१०.१७ ले ३०० मीटरको रु.३०५१ र 40/10 kg HDPE pipe को रु.५.२३ ले १३०० मिटरको रु.६७९९। समेत गरी रु.९८५०। उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रु.९८५०। असुल गर्नु पर्ने रु.	९८५०
३१.२	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२० हजार भन्दा बढि रकमको मालसामान खरिद गर्दा स्थायी लेख नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको संग खरिद गर्नु पर्नेमा सम्राट कन्ट्रक्सन प्रा.लि बाट निर्मण सामाग्री रु.९००००। खरिद गर्दा मुल्य अभिवृद्धिमा दर्ता नभएको संग खरिद गरेको अभियमित रु.	९००००
३१.३	खानेपानी योजनाको लागि उपभोक्ता समितिले सम्झौता गर्दा रु.१२८३८६। योगदान गर्ने सम्झौता गरेको छ । निर्माण कार्यको मुल्यांकन रु.१०१४१५८। सम्झौता अनुसार रु.१०८५११५। उपभोक्ता समितिको योगदान कट्टा गर्नु पर्नेमा रु.१४१५८। मात्र गरेको घटी कट्टी भएको उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.	९४३५७

Scanned with CamScanner

३२. भौ.नं. ३५८-०७६।३।३१ शिवचण्डी मोटर बाटो रुपा १ र २ को निर्माण कार्यको लागि रु.४९३१३३३।४३ उपभोक्ताको योगदान समेतको लागत अनुमान तयार गरि २०७६।१२।३० मा काम सम्पन्न गर्ने गरी २०७५।१२।४ मा उपभोक्ता समिति संग बाटो निर्माण सम्फौता गरेको छ । बाटो निर्माण कार्यको प्राविधिक मुल्यांकन रु.४७९४९६०। को रहेको छ । निर्माण कार्यमा प्रयोग भएको ह्यूम पाइपको उपभोक्ता समितिले पेश गरको गण्डकी ह्युम पाइप उद्योग प्रा.लि. पोखराको विल भन्दा प्राविधिक मुल्यांकन बढिको भएकोले उपभोक्ता समिति लाई बढि भुक्तानी भएकोले असुल गर्नु पर्ने निम्नानुसारको रु.

विवरण	इकाइ	परिमाण	मुल्यांकन दर	विलको दर	फरक दर	असुल गर्ने
Np3H 300 mm dia	गोटा	४८	९२४९	८०००	१२४९	५९९५२
Np3H 450 mm dia	गोटा	१२	१२९८६	११०००	१९८६	२३८३२
Np3H 450 mm dia	गोटा	९	१७७१०	१५०००	२७१०	२४३९०
Np3H 900 mm dia		६	३२५५४	२७०००	५५५४	३३३२४
जम्मा						१४१४९८.०

१४१४९८

३३. **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्तावाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा वाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । उदाहरणहरु..

भौ.मिति	योजनाको नाम	निर्माण व्यवसायी	मेसिनको प्रकार	प्रयोग घण्टा	दर	रकम
१७२-०७६/२/२७	काउरे धारापानी डिष्ट यन्द्र गुफा पर्यटन मार्ग	मध्य नेपाल कन्ट्रक्सन	जे सि वि व्याकलेडर	२४३३	३०००	४८६०२४
४०-०७६/९/२५	डिल्ली शाही देखि फुर्याल मोटर बाट निर्माण	ओजन विल्डंस प्रा.लि	एक्साभेटर	७२.३४	४७००	३४००००
३५८-०७६/३/३१	शिव चण्डी मोटर बाट निर्माण	एस आर कन्ट्रक्सन एण्ड इन्जिनियरीङ्ग	एसाभेटर	२००	२०००	४०००००

३४. **उपभोक्ता समितिबाट खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क) अनुसार उपभोक्ता समितिसंग संभौता गर्दा संभौतामा कार्यको प्रकृति, परिमाण, लागत अनमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि समेत उल्लेख गरी संभौता गर्नु पर्ने व्यवस्था भएता पनि पालिकाका विभिन्न स्थानमा सोलार राख्ने कामको लागत अनुमान रु.४१२९४००। भएकोमा विद्युत सहजीकरण समिति गठन भई Topsun Energy Pvt. Ltd बाट खरिद गरेको पाइयो । लागत अनुमानमा उपभोक्ता समितिको श्रमदानको अंश नभएको अवस्थामा पनि उपभोक्ता समिति मार्फत कार्य गराई कार्य सम्पन्न समेत बनाएकोले छ । यसरी खरिद कार्यमा उपभोक्ताको सहभागीता नभएको कार्य समेत नियम संवत नदेखिएको रु. ४१२९४००

३५. भौ.१००-०७६।३।२६ कृषक पाठसाला तालिममा रु.२०००००। खर्च भएकोमा वडा नं.६ चिसापानीमा कृषकहरुलाई समेटी चिसापानी आइ.पि.एम. कृषक समुह गठन गरी गोडभेडा खेती कृषक पाठपाला संचालन गरेकोमा २५ जना सहभागी लाई प्रति हप्ता ५० का दरले रु.१२५०। का दरले ९ हप्ताको रु.११२५०। भुक्तानी लिएको अवस्थामा पुन ९ हप्ताको २६२

Scanned with CamScanner

जनाको ५० का दरले २८९ जनाको रु.१४४५०। खर्च लेखी दोहोरो खर्च लेखेको पाइयो । दोहोरो खर्च लेखेको मध्ये रु.११२५०। दाखिला गर्नु पर्ने रु. ११२५०

३६. पालिकाबाट पालिका भित्र संचालित २ वटा सामुदायिक स्वास्थ्य इकाई तालबेशी सामुदायिक स्वास्थ्य इकाई लाई रु.२०००००। र थुम्की सामुदायीक स्वास्थ्य इकाई लाई रु.२०००००। गरी रु.४०००००। अनुदान दिएकोमा सो अनुदान के मा प्रयोगभयो सोको सेस्ता पेश गर्नु पर्ने रु. ४०००००

३७. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई आएका सामानको मुल्य समेत खुलाई जिन्सी खातामा खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गर्नु पर्नेमा व्यवस्था गरेकोमा निम्न समानहरु जिन्सी दाखिला गरेको नपाइएकोले जिन्सी दाखिला गर्नु पर्ने रु. ६५३१३२

क्र.सं.	भौ. र मिति	सामानको नाम	भुक्तानी रकम
१	४८-०७६/२/१५	2kw solar system	४५७३२०.०
२	७०-०७६/३/११	पशु कार्यक्रमबाट रेफ्री लि.ना ४ पिस	११६८१२.०
३	११०-०७६/३/३१	Dell computer खरिद दाखिला नगरेका	७९०००.०

३८. विल भरपाई नपुगरेको : भौ १२०-०७६।३।३१ बाट आर्युवेद कार्यक्रममो रु.२७२७२६। भुक्तानी गर्दा रु.२६७३।८८ को मात्र विल भरपाई भएकोले नपुग रकम रु.५३४८। असुल गरी दाखिला गर्नु पर्ने रु. ५३४८

३९. भौ.२२७-०७६।३।२७ बाट गाडी मर्मत विश्वकर्मा अटो सर्भिसिङ्ग सेन्टरबाट गरेकोमा रु.३४०११८। भुक्तानी गर्दा अग्रिमकर रु.४५१५ काटेको नपाइएको रु. ४५१५

४०. सभाका दिन सहभागी हुन आएका पत्राकारलाई ल्याउने लाने काम गरेकोमा गाडी वालालाई यातायात खर्च रु.९०००। खर्च लेखेपछि पुन पत्राकार प्रकाश ढकाल, बाशुदेव मिश्रा, रुपनारायण ढकाल, हरी बास्तोला, बाल कृष्ण सुवेदी, अमृत सुवेदी जनही यातायात भनि रु.१०००। का दरले रु.६०००। भुक्तानी दिएको दोहोरो भुक्तानी असुल गर्नु पर्ने रु. ६०००

४१. पालिकाले आ.व. २०७५।०७६ को लागि पटके करको ठेक्का लकोमा निम्नानुसारका निर्माण सेवा/कन्स्ट्रक्सन संग सम्झौता भएकोमा मु.अ.कर अग्रिमकर र कबोल गरेको रकम समेत जम्मा नगरेको रु. दाखिला गर्नु पर्ने रु. ३५७१२१.३०

क्र.स.	पार्टिको नाम	कबोल अं. मु.अ.कर र अग्रिम करसहित	मु.अ.कर	अग्रिम कर	हाल समम प्राप्त रकम	प्राप्त गर्न बा जम्मा
१	मेरिना कन्स्ट्रक्सन	३५४९५०.०	४०३००.०	४६५०.०	१७८०००.०	१७६९५०.०
२	रिदम कन्स्ट्रक्सन	२७२६००.०	३०९५०.२१	३५७१.१७	२७२६००.०	०
३	सुन्दर निर्माण सेवा	२९७७०५.७३	३३८००.६५	३९००.०७	१५००००.०	१४७७०५.७३
	जम्मा	९२५२५५.७३	१०५०५०.८६	१२१२१.२४	६००६००.०	३२४६५५.७३
						३२४६५.५७
	१०% व्याज थप					३५७१२१.३०
	कुल जम्मा					

४२. निर्माण व्यवसायीबाट प्राप्त रु.६००६००। को मुल्य अभिबृद्धि कर रु.६८१९०.३९ र अग्रिम कर रु.७८६८.१३ गरी जम्मा रु.७६०५८.५१। राजश्व दाखिला गर्नु पर्ने रु. ७६०५८.५१

४३. प्राप्त गर्न बाँकी रु.३२४६५५.७३ प्राप्त गरे पछि मु.अ.कर र अग्रिम कर रु.४१११३.६० असुल पछि दाखिला गर्नु पर्ने रु. ४१११३.६०

४४. **तुलनात्मक विश्लेषण** : यस गाँउपालिकाले ७ वटै वडामा तिनै चौमासिकको रु.४५२१८६००। सामाजिक भत्ता हातले नगदै बाडेको छ । सामाजिक सुरक्षा भत्ता बैक मार्फत बाँड्ने भन्ने नीति

Scanned with CamScanner

	भए पनि पालिकाले सो को पालना हालसम्म गरेको नपाइएकाले साथै नगदै वितरण गर्दा जोखिम हुने हुदा बैंक मार्फत बाँड्नु पर्ने देखिन्छ ।	
४५.	**लगत अद्यावधिक नगरी खर्च लेखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ बमोजिम नाम दर्ता तथा नवीकरणबाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक पालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसूचि ५ बमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । पालिका अर्न्तगतका ७ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४६.	**प्रधानमन्त्री रोजगार कार्यक्रम:** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । पालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रु ९७१०६११ खर्च भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिंदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागि कामदारहरुको ज्याला बैकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन सलग्न भएको छैन । कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगार हरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालिलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ ।	
४७.	**विद्यालयगत निकासा खाता** : कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।	
४८.	यस पालीकामा संचालित सामुदायीक विद्यालयहरुको लागि विद्यालय सुधार योजना प्रतिविद्यार्थी अनुदान छात्रवृत्ति निशुल्क पाठ्यपुस्तकको रकम निकासाहुने गरेकोमा सो को पुष्टाइ गर्ने फ्लेस रिपोर्ट, विद्यार्थी विवरण र शिक्षक दरबन्दी विवरण समेत पेश हुन आएन । विद्यालयहरुमा निकासा भएको रकमको विद्यालय गत अभिलेख राख्ने गरेको छैन । निकासा भएको पाठ्यपुस्तक छात्रवृत्ति समेतको रकम समयमानै वितरण भए नभएको अनुगमन गरी प्रतिवेदन गर्ने गरेको पाइएन ।	
४९.	**दरबन्दी मिलान** :शिक्षक दरबन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस गाँउपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी जम्मा २०७ जना दरबन्दी मौज्दात देखिएता पनि गाँउपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको	

Scanned with CamScanner

	अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन	
५०.	**बुक कर्नर** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १-५ को लागी रु.११९१००। कक्षा ६-१० को लागी रु.१९६६०। र कक्षा ११-१२ सम्म रु.३४५००। गरी जम्मा रु.३५०२००। अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले अनुगगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
५१.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष अन्तमा एक पटक मात्र गरेको छ । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेको जस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ ।	
५२.	आ व २०७५।०७६, ब.उ.शी.नं. ३६५१६०३, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम वापत निकासा भएको रकम रु ११९४६०००।०० मध्ये खर्च हुन नसकी मौज्दात रहेको रकम रु ३६०००००।०० संघीयसरकारको खातामा जम्मा गर्नुपर्ने रु.	३६०००००
५३.	भौ. ६४। १०४ मिति २०७६।३।३-३।२९ बाट का.स.श्री लोकराज भण्डारीको सरुवा भई मिति २०७५ चैत्र महिनामा रमना लिई गई सकेपछि पनि २०७६ बैशाख, जेष्ठ र आषाढ महिना सम्मको पारिश्रमित तथा भत्ता रु ८५१३२।०० भुक्तानी गरेको देखिन्छ । यसरी रमाना भइ गइसकेपछि पनि गरेको पारिश्रमिक भुक्तानी दोहोरो भएकोले असुलउपर गरि बेरुजु खातामा रु ८५१३२।०० दाखिला गर्नु पर्ने रु .	८५१३२
५४.	**कार्यसम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन वमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीवाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौ. १६८ मिति २०७६।२।२६ पाईप खरिद सम्बन्धी ठेक्का, ठे.नं. NCB/GOODS/ RUPA 2075/76 /1 बाट पन्चकन्या प्लाष्टिक उद्योगलाई रु १०९१३६७।०० र भौ नं. ३१२ मिति २०७६।३।३० ठे.नं. NCB/GOODS/ RUPA 2075/76 /2 बाट नारायणी पाइप इन्डष्ट्रीलाई रु.९५४२०५८। भुक्तानी दिएकोमा जम्मा रु.१८६३३४२५। को पाइपको खरिद भएका रु.१०७८६२८४। वरावरको पाईप वितराण गरि रु.७८४७१४१। को कुन कुन योजनामा प्रयोग भएको हो, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.	७८४७१४१
५५.	भौ. ५७ मिति २०७५।१०।०७ गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च वापत रु १०९४००।०० भुक्तानी भएकोमा सोको विल भरपाई समावेश छैन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने कानुनि प्रावधान छ । यसरी विल भरपाइ विना खर्च लेखिएकोमा सोको विल भरपाई छुट भएको भए पेश गर्ने अन्याथा असुल गर्नुपर्ने रु.	१०९४००

Scanned with CamScanner

५६.	**पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र [illegible] फछ्र्यौट [illegible] पेश्की [illegible] हुने उल्लेख छ । [illegible] पेश्की फछ्र्यौट [illegible] आर्थिक १० प्रतिशतभन्दा [illegible] छ । तल विवरण अनुसार [illegible] पेश्की [illegible] पेश्की आर्थिक वर्षको [illegible] फछ्र्यौट [illegible] । नियमानुसार उक्त पेश्की फछ्र्यौट गरिनु पर्ने छ । क्र.सं. | विवरण | रकम १ | [illegible] | [illegible] २ | [illegible] | [illegible] ३ | [illegible] | [illegible] ४ | [illegible] | [illegible] जम्मा | [illegible]	[illegible]

Scanned with CamScanner

अनुसूची- १

रुपा पालिकाकोसञ्चित कोष विवरण
२०७५।७६

प्रदेश : गण्डकी

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय					व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० १+५-९)
१	रुपा गाउँपालिका	कास्की	२९७०६	६२१००	२२७३३७	५३५१२	३४२९४९	२१०१३७	९५४५४	१४४५	३०७८३६	६४८१९

अनुसूची– २

वेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.न.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी वेरुजु			बाँकी वेरुजु									
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	रुपा गाउँपालिका	कास्की	३६	३७	५१८४९	०	१५	२६२६०	३६	२२	२५५८९	४७०९	५६७३	९०१०	०	०	१४६८३	०	६१९७	६१९७

अनुसूचि ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र.स.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको वेरुजु	यो वर्षको वेरुजु	कुल बाँकी वेरुजु
१	रुपा गाउँपालिका	कास्की	८०२९	०	८०२९		२५५८९	३३६१८

Scanned with CamScanner